# स्थानीय राजपत्र

भुम्लु गाउँपालिकाद्धारा प्रकाशित

खण्डः९ | संङ्ख्याः १ | मिति २०८२ मंसिर २९गते

## भाग २

## भुम्लु गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
## सल्ले, काभ्रेपलाञ्चोकको
## सूचना

भुम्लु गाउँ कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ

"एम्बुलेन्स संचालन (पहिलो संशोधन)कार्यविधि २०८२"



प्रमाणीकरण मितिः २०८२।०९।१६
राजपत्रमा प्रकाशन मितिः २०८२।०९।२१

संवत् २०८२ सालको कार्यविधि नं. १

**प्रस्तावना** एम्वुलेन्स संचालन कार्यविधि २०७८ मा सम-सामयिक संशोधन गर्न वाञ्छनीय भएकाले भुम्लु गाउँपलिका कार्यविभाजन नियमावली २०७४ बमोजिम भुम्लु गाउँपालिका गाउँ कार्यपालिकाले यो संशोधन कार्यविधि बनाई लागु गरेको छ ।

### परिच्छेद-१
### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** १) यस कार्यविधिको नाम "एवुलेन्स संचालन (पहिलो संशोधन) कार्यविधि २०८२" रहेको छ।

२. **एम्वुलेन्स संचालन कार्यविधि २०७८ को दफा ८ मा उपदफा ३ थप गरिएको छः**

३) उपदफा १ बमोजिम संचालित कोषबाट एम्वुलेन्स चालकले सम्वन्धित ठाउँबाट तोकिएको अस्पताल सम्म बिमारी पुर्याउँदा र ल्याउँदा लिएको भाडा रकमको जम्मा १०% रकम प्रोत्साहन स्वरुप सम्वन्धित एम्वुलेन्स चालकलाइ विल भरपाइ एकिन गरि दिन सकिनेछ ।

३. **एम्वुलेन्स संचालन कार्यविधि २०७८ को दफा ९ मा उपदफा ४ थप गरिएको छः**

४) निशुल्क एम्वुलेन्स सेवा संचालन गर्न सकिनेः १) अति विपन्न अवस्थाका नागरिकहरु, जेष्ठ नागरिक, अपाङ्ग,

सुत्केरी जस्ता नागरिकहरुलाइ निशुल्क रुपमा एम्वुलेन्स सेवा उपलब्ध गराउन सकिनेछ ।

२) निशुल्क सेवा लिने नागरिकले वडा कार्यालयको सिफारिसको आधारमा निर्णय गरे पछि उक्त सेवा पउलब्ध गराइने छ ।

३) कुनै वडा समितिले गाउँ सभाबाट वजेट तथा कार्यक्रम स्वीकृत गराइ आफ्ना नागरिकलाइ निशुल्क रुपमा एम्वुलेन्स सेवा प्रदान गर्न सकिनेछ । यसरी वडा कार्यालयले निशुल्क एम्वुलेन्स सेवा संचालन गर्न अन्य कानूनले बाधा पुर्याएको मानिने छैन।

४) निःशुल्क सेवा वापतको भुक्तानि आन्तरिक श्रोतबाट मात्र गर्न सकिने छः

क) एम्वुलेन्स सेवाको शुल्क सेवाग्राही नागरिक संग असुल गरी राजस्व दाखिला गरिनेछ ।

ख) राजस्व दाखिला प्रतिवेदन तथा वडा समितिको निर्णयको आधारमा समितिले सोधभर्ना स्वरुप एकतर्फी भाडा सम्वन्धित व्यक्तिको बैंक खातामा गाउँपालिकाबाट स्वीकृत वजेटको अधिनमा रहि उक्त रकम फिर्ता गरारिनेछ ।

ग) निशुल्क एम्वुलेन्स संचालनको लागी स्विकृत बार्षिक वजेट भन्दा बढी रकम रकमान्तरण गरेर खर्च गर्न पाइने छैन ।





४. एम्वुलेन्स संचालन कार्यविधि २०७८ को दफा १४ मा यस आ.व मा भए गरेका सम्पुर्ण कार्य यसै कार्यविधि अनुसार भए गरेको मानिने छ ।

आज्ञाले
कृष्ण बहादुर खत्री
प्रमुख प्रशासकीय अधिकृत